# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः- २०८२/०८३

सूचना नं.:-

मितिः-२०८२/०३/१५

**आ.व.२०८२/०८३ को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी १५(पन्ध्र) दिने सूचना**

पटक प्रकाशित मितिः २०८२ असार १५ गते

मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को आन्तरिक आय संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आन्तरिक आय सङ्कलनको लागि तपसिल बमोजिमको बिभिन्न शिर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी वा वेभसाईट www.mayadevimunrupandehi.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको योजना शाखामा सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल</u>

| क्र.सं. | ठेक्का नं. | ठेक्का बिबरण | ठेगाना | न्युनतम कबोल अङ्क रु. (करबाहेक) | धरौटी | दरभाउ दस्तुर (रु.) | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|---|
| १ | १७-मायादेवी आय-२०८१/८२ | बेथरी सार्बजनिक हाटबजार | मायादेवी-०६ | ३,४१,१०० | कबोल अङ्को ५ प्रतिशतले हुन आउने रकमको बैङ्क भौचर वा सो बराबरको बैङ्क जमानत | १०००/- | १ बर्ष |
| २ | १८-मायादेवी आय-२०८१/८२ | सुक्रौली सार्बजनिक हाटबजार | मायादेवी-०३ | १,०२,३०० | | १०००/- | १ बर्ष |
| ३ | १९-मायादेवी आय-२०८१/८२ | कवाडी कर सङ्कलन तथा निकासी ठेक्का | मायादेवी गापा. भरी | १५,३०,१०० | | १०००/- | १ बर्ष |
| ४ | २०-मायादेवी आय-२०८१/८२ | फोहरमैला व्यवस्थापन (बिसर्जन/सङ्कलन) | मायादेवी-०८ | ५,००,००० (अधिकतम् कबोल अङ्क) | | १०००/- | १ बर्ष |

<u>शर्तहरु</u>

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित बोलपत्र फाराम दस्तुर वापत को रकम प्राईम कमर्सियल बैङ्क लिमिटेडमा मायादेवी गाउँपालिकाको नाममा रहेको राजश्व खाता नं. ०६४०१००००००१५७००११९ मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए वमोजिमको दरभाउपत्र दस्तुर वापतको रकम दाखिला गरेको बैङ्क भौचर पेश गरी मायदेवी गाउँपालिकाको website https://mayadevimunrupandehi.gov.np/ बाट दरभाउपत्र फाराम डाउनलोड गर्न वा मायादेवी गाउँपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

पत्र संख्या:- २०८२/०८३

सूचना नं.:-

मिति:-२०८२/०३/१५

२. बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको दिन बेलुका ५ बजे सम्म खरिद गरी १६ औं दिउँसो १२ बजे सम्म दर्ता भएका बोलपत्रहरु १६ औं दिनको २:०० बजे खोलिनेछ साथै सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता गरिने र खोलिने छ ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र संलग्न, गर्नुपर्ने छ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यालय, बरेवा, रुपन्देहीको नाममा रहेको प्राईम कर्मिसयल बैङ्क, बेथरी शाखाको खाता नं. ०६४०१०००००००१६५००११२ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्रास (क) वर्गको बाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । शिलबन्दि बोलपत्रका साथ जमानत वापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत वापतको नगद रकम जफतसमेत गरिने छ।

५. दरभाउपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी आवश्यक कागजात सहित कार्य सम्झौताको लागि यस कार्यलयमा सम्पर्क राख्नु पर्नेछ ।

६. दरभाउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

७. दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ, साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ । सूचना प्रकाशन भएको ८ औं दिनमा पूर्व बोलपत्र बैठक( Pre-Bid Meeting) बस्नेछ ।

८. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

९. प्रचलित नियमानुसार कालोसुचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका ब्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कार्यवाहि हुने छैन ।

१०. यस सुचनामा उल्लेख भएका शर्तहरु लगाएत यस गाउँकार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिनेछन् ।

११. अन्य शर्तहरु प्रचलित ऐन, कानुन, नियममानुसार हुनेछन ।

## क. कवाडी कर सङ्कलन तथा निकासी ठेक्का सम्बन्धी थप शर्त

१. ठेक्का सम्झौता गर्दा कवोल रकम अग्रीम एकमुष्ठ रुपमा वा दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता रकम र कर संझौता गर्नु अघि र वाँकी दोश्रो किस्ता रकम बरावरको राष्ट्र बैंकबाट मान्यता प्रास बैकबाट जारी गरिएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ । दोश्रो किस्ता रकम २०८२ साल मंसिरसमान्त भित्र बुझाउनु पर्नेछ ।

२. स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (Re-Use) गर्ने र प्रशोधन गरी पुनः प्रयोग हुन सक्ने तपसिलका कवाडी सामानहरु तपसिल बमोजिमको दरमा तपसिलका कवाडी माल सामान सम्वन्धित व्यक्ति/मालधनीको अनुमतिमा मात्र सङ्कलन गर्नु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

३. कवाडी मालवस्तुको दररेट मायादेवी गाउँपालिकाको आर्थिक ऐन-२०८१ अनुसार रहनेछ । कबाड़ीकर सङ्कलन गरेवापतको मू.अ.कर तथा आयकर व्यवसायी स्वयमले किस्ता रकमसँग अग्रिम बुझाउनुपर्नेछ ।

४. ठेक्का अवधि २०८३ असार मसान्तसम्म रहनेछ ।

## ख. सार्बजनिक हाट बजार ठेक्का सम्बन्धी थप शर्त

१. ठेक्का सम्झौता गर्दा कवोल रकम अग्रीम एकमुष्ठ रुपमा वा दुई किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता रकम र कर संझौता गर्नु अघि र वाँकी दोश्रो किस्ता रकम बरावरको राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ । दोश्रो किस्ता रकम २०८२ साल मंसिर समान्त भित्र बुझाउनु पर्नेछ ।

२. सार्बजनिक हाटबजार सरसफाई तथा मर्मत संभार ठेकेदार स्वंयले गर्नुपर्नेछ ।

३. बहाल बिटौरी करको दररेट मायादेवी गाउँपालिकाको आर्थिक ऐन-२०८२ अनुसार रहनेछ । बहाल बिटौरी कर सङ्कलन गरेवापतको मू.अ.कर तथा आयकर व्यवसायी स्वयंमले किस्ता रकमसँग जोडी अग्रिम बुझाउनुपर्नेछ । दररेट भन्दा बढी कर/शुल्क लिएमा कानुन बमोजिम कारवाही हुनेछ ।

४. ठेक्का अवधि २०८३ असार मसान्तसम्म रहनेछ ।

## ग. फोहरमैला व्यवस्थापन (बिसर्जन/सङ्कलन) सम्बन्धी थप शर्त

१. गाउँपालिकाले उपलब्ध गराएको जग्गामा फोहर संकलन बिर्सजन केन्द्रको लागि प्रयोग गर्न सक्नेछ ।

२. फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने ट्रयाक्टर, सवारी चालक र कुचीकार स्वंयले राख्नुपर्नेछ र उल्लेखित स्रोतसाधनहरुको मर्मत संभार, ईन्धन खर्च र पारिश्रमिक पनि प्रस्ताब पेश गर्नेले व्यहोर्नुपर्नेछ ।

३. फोहरमैला संकलन/प्रशोधनबिर्सजन/ केन्द्रको लागि गाउँपालिकाले तोकेको जग्गावा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन । तर प्रस्तावक आफैले जग्गा व्यवस्थापन गरी पाएक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा त्यसो गर्न सक्नेछ । त्यसरी प्रयोग गरेबाट आउन सक्ने समस्याको जवाफदेही भने स्वयं प्रस्तावक नै हुनेछ ।

५. स्वीकृत प्रस्तावक संग सम्झौता गरेपछि सम्झौतामा उल्लेख भएको शर्तहरु सोही अनुसार र सम्झौतामा उल्लेख नभएका बिषयहरुमा प्रचलित कानून अनुसार हुनेछ ।

६. ठेक्का अवधि २०८३ असार मसान्तसम्म रहनेछ ।

..................

लेखनाथ पोखरेल

प्रमुख प्रशासकीय अधिकृत